राष्ट्रिय दैनिक

# समाचार दैनिक

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

जनकपुर

वर्ष ८ अंक ५० २०८३ भदौ २२ गते सोमवार (7 Sep. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

## एक हजार ३४१ शव फेला
## चार हजार ४४ जना अझै बेपत्ता



काठमाडौँ, २१ भदौ । रसुवास्थित भोटेकोशी नदीमा भदौ १० गते गएको विनाशकारी बाढीमा परी मृत्यु भएकामध्ये हालसम्म एक हजार ३४१ जनाको शव फेला परेको छ भने चार हजार ४४ जना अझै सम्पर्कविहीन छन् । प्रहरी प्रधान कार्यालय नक्सालले आज बिहान सार्वजनिक गरेको पछिल्लो विवरणअनुसार फेला परेकामध्ये ३२५ महिला, ५२३ पुरुष तथा ४९३ वटा शव चिन्न नसकिने अवस्थाका फेला परेका नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेले जानकारी दिनुभयो । उहाँका अनुसार अझै चार हजार ४४ जना सम्पर्कविहीन छन् ।

सम्पर्कविहीनमध्ये स्वदेशी पुरुष दुई हजार ८६३, महिला ५७५ तथा विदेशी नागरिकतर्फ पुरुष २६९ र महिला ३३२ र अन्य पाँच जना रहेका प्रवक्ता काफ्लेले जानकारी दिनुभयो । बाढी प्रभावित क्षेत्रमा बेपत्ताको खोजी तथा उद्धार कार्यलाई सुरक्षा निकायले निरन्तरता दिइरहेको प्रहरीले जनाएको छ । फेला परेकामध्ये एक हजार ३७ शव सुरक्षित रूपमा जमिनमा गाडेर व्यवस्थापन गरिएको छ भने बाँकी शवको पहिचान तथा व्यवस्थापन प्रक्रिया अघि बढाइएको छ ।

बाढीपछि हालसम्म नौ हजार १५१ जना घाइतेको उद्धार गरिएको छ । उद्धार गरिएकामध्ये तीन हजार ९८ जनालाई सुरक्षित रूपमा होल्डिङ सेन्टरमा राखिएको प्रहरीले जनाएको छ ।यसैगरी, मृतक एक हजार २८६ जना तथा मृतकका आफन्त एक हजार १८६ जना गरी दुई हजार ४७२ जनाको 'डिएनए' नमूना सङ्कलन गरिएको छ ।बेपत्ताको पहिचान तथा शवको सनाखतका लागि 'डिएनए' नमूना सङ्कलनलाई प्राथमिकताका साथ अघि बढाइएको प्रवक्ता काफ्लेले बताउनुभयो । भोटेकोशी बाढीपछि ठूलो मानवीय क्षति भएको छ । बाढीमा परी बेपत्ता भएकाको खोजी, उद्धार तथा शव व्यवस्थापनका लागि नेपाल प्रहरीसहित सुरक्षा निकाय र सम्बन्धित विभिन्न सरकारी निकाय निरन्तर परिचालित भइरहेका छन् । रासस

# मधेशका समस्यामाथि नागरिक चबुतरामा बहस

दैनिक समाचारदाता

जनकपुरधाम, २१ भदौ । मधेश प्रदेशमा विद्यमान सामाजिक, राजनीतिक तथा नागरिक सरोकारका समस्या र चुनौतीलाई सम्बोधन गर्न युवा तथा नागरिक समाजले राज्यको भूमिका र आफ्नै दायित्वबारे सवाल उठाएका छन् ।

जनकपुरधाममा आइतबार नेपाल मधेश फाउण्डेशनद्वारा आयोजित 'नागरिक चबुतरा' कार्यक्रममा सहभागी युवा, अधिकारकर्मी, पत्रकार तथा नागरिक समाजका प्रतिनिधिहरूले मधेश प्रदेशमा विद्यमान विभिन्न समस्याबारे गम्भीर बहस गरेका हुन् ।

कार्यक्रममा मधेशमा बढ्दो बालविवाह, सीमावर्ती क्षेत्रमा बढ्दो दुर्व्यसन, महिला हिंसा, सामाजिक विभेद, शोषण र दमन लगायतका समस्याबारे सहभागीहरूले आवाज उठाए । उनीहरूले यी समस्या लामो समयदेखि विद्यमान रहे पनि राज्यका सम्बन्धित निकायले प्रभावकारी रूपमा सम्बोधन गर्न नसकेको बताए ।




सहभागीहरूले कानुन निर्माण भए पनि त्यसको पूर्ण तथा प्रभावकारी कार्यान्वयन हुन नसक्दा सामाजिक विकृति र अपराधका घटना बढिरहेको धारणा राखे । राज्यले निर्वाह गर्नुपर्ने जिम्मेवारी प्रभावकारी रूपमा पूरा नगरेको अवस्थामा नागरिक समाजले कस्तो भूमिका खेल्ने र समस्याको समाधानका लागि दबाब सिर्जना गर्ने प्रभावकारी उपाय के हुन सक्छ भन्ने विषयमा समेत उनीहरूले जिज्ञासा राखे ।

मधेश प्रदेशमा राजनीतिक अस्थिरता र राजनीतिक संस्कारको समस्या प्रमुख चुनौतीका रूपमा रहेको उल्लेख गर्दै सहभागीहरूले त्यसपछि महिला हिंसा, शोषण, दमन तथा युवाहरू कुलतमा फस्ने प्रवृत्तिले सामाजिक समस्या थप जटिल बनाइरहेको बताए । यी समस्यालाई केवल व्यक्तिगत वा पारिवारिक विषयका रूपमा नभई सामाजिक विकृति र सार्वजनिक सरोकारको विषयका रूपमा लिएर बहस तथा पैरवी गर्नुपर्ने उनीहरूको जोड थियो ।

कार्यक्रममा राजनीतिक विश्लेषक तथा सामाजिक अभियन्ता तुलानारायण साहले नागरिक समाजले सार्वजनिक सरोकारका मुद्दामा निष्पक्ष र

बाँकी पृष्ठ ४मा

# वरिष्ठ स्रष्टा डा. रेवतीरमण लालको निधन

दैनिक समाचारदाता

जनकपुरधाम, २० भदौ । मैथिली साहित्यका वरिष्ठ साहित्यकार तथा समालोचक डा. रेवतीरमण लालको निधन भएको छ । उनको शनिबार राति जनकपुरधाम उपमहानगरपालिका-११ स्थित आफ्नै निवासमा निधन भएको हो ।

धनुषाको साविक देवडिहा गाविस-३, खिरखिरिया गाउँमा २ मार्च १९४३ मा जन्मिएका डा. लालले करिब सात दशक मैथिली साहित्यको श्रीवृद्धिमा योगदान पुर्‍याएका थिए । मैथिली विषयमा विद्यावारिधि गरेका उनी नेपाल राष्ट्र बैंकका अवकाशप्राप्त कर्मचारीसमेत थिए ।



साहित्यका विभिन्न विधामा कलम चलाएका डा. लालले कथा, कविता, गीत, लेख, पटकथा, साक्षात्कार, यात्रावृत्तान्त तथा लोकसाहित्यका क्षेत्रमा उल्लेखनीय योगदान दिएका छन् । उनको पहिलो प्रकाशित मैथिली रचना 'सरस्वती वन्दना' गीत सन् १९६० मा प्रकाशित भएको थियो ।

उनका चर्चित कृतिहरूमा 'साक्षात्कार', 'माधव नहि अएला मधुपुरसँ', 'हमर विदेश भ्रमण', 'महाकवि विद्यापति' र 'खिस्सा पिहानी' रहेका छन् । पर्यटनसम्बन्धी उनको कृति 'धनुषाधाम और मणिमण्डप' पनि चर्चित छ । उनी मैथिली त्रैमासिक पत्रिका 'नैमिकानन'का सम्पादकसमेत रहेका थिए ।

उनका विभिन्न रचना विद्यालय तथा महाविद्यालयका पाठ्यक्रममा समेत समावेश भएका छन् । साहित्यसँगै सामाजिक क्षेत्रमा सक्रिय डा. लाल विविधा मैथिली मञ्चका संस्थापक सचिव, मैथिली साहित्य परिषद्का सदस्य तथा मैथिली साहित्यकार सभाका सल्लाहकारका रूपमा आबद्ध थिए ।


मैथिली साहित्यमा पुर्‍याएको योगदानको कदरस्वरूप उनले वैदेही प्रतिभा पुरस्कार, त्रिमूर्ति पुरस्कार, मिथिला रत्न, ज्योतिरीश्वर साहित्य सम्मान तथा नेपाल सरकारको प्रादेशिक प्रतिभा पुरस्कारलगायतका सम्मान प्राप्त गरेका थिए ।

डा. लालको निधनसँगै मैथिली साहित्यले एक अनुभवी, अध्येता र समर्पित स्रष्टा गुमाएको छ । उनको निधनले मैथिली साहित्यको क्षेत्रमा अपूरणीय क्षति पुगेको साहित्यप्रेमीहरूले बताएका छन् । उनका सिर्जना, चिन्तन र साहित्यिक योगदान भने उनका कृतिमार्फत दीर्घकालसम्म जीवित रहनेछ ।


अनलाइनमा समाचार पढ्नका लागि टाइप गर्नुस
www.esamachardainik.com

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि
सम्पर्क : इमेल : sdainik99@gmail.com,
मो.नं.: ९८५४०२०९२२

अब अनलाइनबाट बुकिङ्गको सुविधा
divyaclinicjanakpur.com




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाइ बिनाको सुत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# अधिकारविहीन प्रदेशको औचित्य ?

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको लामो समय बितिसक्दा पनि सङ्घीयताको प्रभावकारी कार्यान्वयन हुन नसकेको गुनासो बढ्दो छ। बागमती प्रदेशका उद्योग, पर्यटन, श्रम तथा यातायातमन्त्री राजेन्द्र प्रजापतीले सङ्घीय सरकारले प्रदेशलाई पर्याप्त अधिकार नदिएको आरोप लगाउनुभएको विषय यसै समस्याको पछिल्लो दृष्टान्त हो।

संविधानले सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारको व्यवस्था गर्दै अधिकारसमेत बाँडफाँट गरेको छ। तर व्यवहारमा महत्वपूर्ण अधिकार अझै सङ्घीय सरकारकै नियन्त्रणमा रहने र प्रदेशलाई सीमित जिम्मेवारीमा राख्ने प्रवृत्ति कायम छ भने यसले संघीयताको मूल मर्ममाथि नै प्रश्न उठाउँछ। प्रदेश सरकारलाई बजेट विनियोजन, कर सङ्कलन र केही पूर्वाधार निर्माणमा मात्र सीमित राखेर सङ्घीयता बलियो हुन सक्दैन।

विशेषगरी पर्यटन र यातायातजस्ता नागरिकसँग प्रत्यक्ष जोडिएका क्षेत्रमा अधिकारको स्पष्ट बाँडफाँट आवश्यक छ। सवारी चालक अनुमतिपत्र वितरणका लागि प्रयोग भइरहेको सफ्टवेयरमा रकम, सेवाग्राहीको नाम र प्रदेश नै फरक देखिने गरेको मन्त्रीको दाबी गम्भीर छ। यस्तो समस्या वास्तविक हो भने तत्काल छानबिन गरी दोषी पहिचान र प्रणाली सुधार गर्नुपर्छ। सरकारी प्रणालीको कमजोरीको मूल्य नागरिकले तिर्नुपर्ने अवस्था कुनै पनि हालतमा स्वीकार्य हुन सक्दैन।

सङ्घीयता भनेको केवल तीन तहका सरकार र प्रशासनिक संरचना निर्माण गर्नु होइन। यसको उद्देश्य निर्णय गर्ने अधिकार नागरिकको नजिक पुऱ्याउनु र स्थानीय आवश्यकता तथा प्राथमिकताअनुसार विकास अघि बढाउनु हो। त्यसैले सङ्घीय सरकारले संविधानले प्रदेशलाई दिएको अधिकार हस्तान्तरण गर्न कन्जुस्याइँ गर्नु हुँदैन। अधिकारसँगै आवश्यक स्रोत, जनशक्ति र जिम्मेवारी पनि स्पष्ट रूपमा हस्तान्तरण गरिनुपर्छ।

तर प्रदेश सरकारहरूले पनि अधिकार माग्दै गर्दा आफ्नो कार्यसम्पादन, पारदर्शिता र जवाफदेहिताको सुनिश्चितता गर्नुपर्छ। अधिकार पाएपछि नागरिकलाई प्रभावकारी सेवा दिन नसक्ने प्रवृत्तिले पनि सङ्घीयताको विश्वास कमजोर बनाउँछ।

अब सङ्घ र प्रदेशबीच आरोप-प्रत्यारोप होइन, संविधानसम्मत अधिकार बाँडफाँट र सहकार्य आवश्यक छ। सङ्घीयताको सफलता सरकारको संरचनाले होइन, नागरिकले अनुभूति गर्ने अधिकार, सेवा र सुविधाले मापन हुन्छ। त्यसैले अधिकारसम्पन्न, जिम्मेवार र जवाफदेही प्रदेश निर्माण गर्नु नै आजको प्रमुख आवश्यकता हो।

# रसुवागढीको त्रासदीदेखि चुरेको सङ्कटसम्म

*डा. चन्द्रमोहन यादव*

नेपाल भूगोलका हिसाबले सानो देश हो, तर प्रकृतिले दिएको विविधताको दृष्टिले असाधारण देश हो। करिब १ लाख ४७ हजार वर्गकिलोमिटर क्षेत्रमा फैलिएको नेपाल उत्तरमा संसारकै अग्ला हिमाल, दक्षिणमा समथर तराई-मधेस र बीचमा पहाड तथा मध्यपहाडी भूभागले बनेको छ।

पूर्वदेखि पश्चिम करिब ८०० किलोमिटर लामो, तर कतिपय स्थानमा उत्तर-दक्षिण चौडाइ १५०-२५० किलोमिटर मात्र भएको यस देशमा केही सय किलोमिटरको दूरीमै समुद्री सतहको करिब ६० मिटर उचाइबाट ८ हजार ८४८.८६ मिटर अग्लो सगरमाथासम्म पुगिन्छ।

यही अद्वितीय भूगोल नेपालको ठूलो प्राकृतिक सम्पत्ति पनि हो र विभिन्न प्राकृतिक जोखिमको प्रमुख कारण पनि। हिमाल, पहाड र तराईले नेपाललाई जलस्रोत, जैविक विविधता, वन, कृषि, पर्यटन र जलविद्युत्को अपार सम्भावना दिएका छन्। तर यही भूगोलका कारण नेपाल बाढी, पहिरो, डुबान, सुक्खा, हिमपहिरो, हिमताल विस्फोटबाट उत्पन्न आकस्मिक बाढी तथा अन्य जलवायुजन्य जोखिमका दृष्टिले अत्यन्त संवेदनशील छ।

विश्व बैङ्कका अनुसार नेपालको ८० प्रतिशतभन्दा बढी जनसङ्ख्या बाढी, भूकम्प, पहिरो, चरम तापक्रम र सुक्खामध्ये कम्तीमा एक प्रकारको जोखिममा रहेको छ। यसबाट स्पष्ट हुन्छ- नेपालमा प्राकृतिक जोखिम कुनै टाढाको भविष्यको विषय होइन; यो हाम्रो वर्तमानको वास्तविकता हो।

रसुवागढीको त्रासदीलाई केवल एउटा स्थानीय घटना वा प्राकृतिक विपद्का रूपमा हेरेर सकिँदैन। यसले हिमालयमा भइरहेको जलवायु परिवर्तन, हिमनदी र हिमतालमा भइरहेको परिवर्तन, उच्च हिमाली भूभागको अस्थिरता र तलतिर रहेका बस्ती तथा पूर्वाधारको जोखिमलाई एउटै शृङ्खलामा जोडेर हेर्नुपर्ने आवश्यकता देखाएको छ।

नेपालको जोखिमलाई अहिले जलवायु परिवर्तनले अझ जटिल बनाइरहेको छ। नेपालको 'राष्ट्रिय रूपमा निर्धारित योगदानको तेस्रो संस्करण (एनडीसी-३.०)' ले हिमताल विस्फोट, बाढी, पहिरो, सुक्खा, डढेलो र बढ्दो तापक्रमका कारण नेपालले जलवायु परिवर्तनबाट हुने क्षति र नोक्सानी बेहोरिरहेको स्वीकार गरेको छ। नेपालमा सन् १९७० यता २६ भन्दा बढी ठूला हिमताल फुटेर बाढी आएका घटना भइसकेका छन् र कम्तीमा ४७ वटा हिमताल सम्भावित रूपमा जोखिमपूर्ण पहिचान गरिएको अवस्था छ।

यहाँ एउटा वैज्ञानिक भिन्नता बुझ्न आवश्यक छ। हिमताल विस्फोट आफैंमा सम्पूर्ण रूपमा 'विपद्' होइन; हिमताल फुट्ने प्रक्रियाबाट उत्पन्न आकस्मिक बाढीले मानव बस्ती, पूर्वाधार र जनजीवनमा क्षति पुऱ्याउँदा त्यो विपद्मा परिणत हुन्छ। त्यसैले उच्च हिमाली क्षेत्रमा बढ्दो तापक्रम, हिमनदीको परिवर्तन, हिमतालको विस्तार तथा हिमचट्टानको अस्थिरतालाई नेपालको समग्र विपद् जोखिम व्यवस्थापनसँग जोडेर हेर्नुपर्छ।

हालै रसुवागढी तथा भोटेकोसी-त्रिशूली क्षेत्रमा भएको विनाशकारी घटनाले यही वास्तविकतालाई हाम्रो सामुन्ने ल्याइदिएको छ। हिमनदी तथा हिमचट्टानको अस्थिरता र त्यसबाट उत्पन्न आकस्मिक बाढीले जनधन तथा महत्त्वपूर्ण पूर्वाधारमा ठूलो क्षति पुऱ्याएको छ।

रसुवागढीको त्रासदीलाई केवल एउटा स्थानीय घटना वा प्राकृतिक विपद्का रूपमा हेरेर सकिँदैन। यसले हिमालयमा भइरहेको जलवायु परिवर्तन, हिमनदी र हिमतालमा भइरहेको परिवर्तन, उच्च हिमाली भूभागको अस्थिरता र तलतिर रहेका बस्ती तथा पूर्वाधारको जोखिमलाई एउटै शृङ्खलामा जोडेर हेर्नुपर्ने आवश्यकता देखाएको छ। नेपाल विश्वव्यापी जलवायु सङ्कट सिर्जना गर्ने प्रमुख देश होइन। सन् २०२४ मा विश्वस्तरमा कुल कार्बनडाइअक्साइड उत्सर्जन करिब ३८.६ अर्ब टन थियो। त्यसमा चीनको हिस्सा ३१.८४ प्रतिशत, अमेरिकाको १२.६९ प्रतिशत, भारतको ८.२७ प्रतिशत र रुसको ४.६१ प्रतिशत थियो। यी चार देशले मात्र विश्वको करिब ५७.४ प्रतिशत कार्बन उत्सर्जन गरेका छन्।

यसको विपरीत, विश्वको कुल उत्सर्जनमा नेपालको योगदान करिब ०.०५ प्रतिशत मात्र छ। त्यसैले प्रश्न उठ्छ- दोष हाम्रो होइन भने यसको मूल्य हामीले किन तिर्ने ?

जलवायु परिवर्तनको ऐतिहासिक जिम्मेवारी आजको वार्षिक उत्सर्जनले मात्र होइन, लामो अवधिको सञ्चयी उत्सर्जनले पनि निर्धारण गर्छ। त्यसैले नेपालले अन्तर्राष्ट्रिय मञ्चमा जलवायु न्याय, क्षति र नोक्सानी, अनुकूलनका लागि पर्याप्त जलवायु वित्त तथा प्रविधि हस्तान्तरणको माग अझ सशक्त रूपमा उठाउनुपर्छ। तर अन्तर्राष्ट्रिय सहयोगको प्रतीक्षा गर्दै आफ्नै घरको संरक्षण नगर्नु पनि बुद्धिमानी हुँदैन। जलवायु न्यायका लागि अन्तर्राष्ट्रिय सङ्घर्ष आवश्यक छ; प्राकृतिक सम्पत्तिको संरक्षण हाम्रो आफ्नै जिम्मेवारी हो।

यहीँबाट अर्को महत्त्वपूर्ण प्रश्न उठ्छ- के आज हिमालमा देखिएको सङ्कट भोलि तराई-मधेसमा पानीको सङ्कटका रूपमा देखापर्न सक्छ ?

यही प्रश्नले रसुवागढीको त्रासदीलाई चुरेको सङ्कटसँग जोड्छ। नेपाललाई संसारले जलस्रोतको भण्डारका रूपमा चिन्छ। करिब ६ हजार नदी तथा खोलानालाले नेपालको कृषि, खानेपानी, जलविद्युत्, जैविक विविधता र जनजीवनलाई आधार दिएका छन्। तर आज नेपालमा एउटा गम्भीर विरोधाभास देखिन थालेको छ- एकातिर अत्यधिक पानी, अर्कोतिर पानीको अभाव।

वर्षायाममा अत्यधिक वर्षा, बाढी र कटान; अनि केही समयपछि पानीकै सङ्कट। यसको पछाडि जलवायु परिवर्तन एउटा महत्त्वपूर्ण कारण हो। तर वन विनाश, जलाधारको क्षयीकरण, नदीजन्य पदार्थको अव्यवस्थित उत्खनन, अनियन्त्रित सहरीकरण र प्राकृतिक जलप्रणालीमाथिको अतिक्रमणले पनि हाम्रो प्राकृतिक प्रणालीको प्रतिरोध क्षमता कमजोर बनाइरहेका छन्।

यही सन्दर्भमा चुरेको प्रश्न अत्यन्त गम्भीर भएर अगाडि आउँछ। चुरे केवल पहाड होइन; चुरे तराई-मधेसको जल-जीवन प्रणाली हो। पूर्व इलामदेखि पश्चिम कञ्चनपुरसम्म करिब ३७ जिल्लामा फैलिएको चुरे नेपालको सबैभन्दा कान्छो र कमजोर भौगोलिक संरचना भएको पर्वतशृङ्खला हो। कमजोर भूगर्भीय संरचनाका कारण वन विनाश, सडक तथा बस्ती विस्तार, अत्यधिक चरिचरन र ढुङ्गा-गिट्टी-बालुवा उत्खननले यहाँ गम्भीर वातावरणीय असर निम्त्याउन सक्छ।

तर चुरेको सबैभन्दा महत्त्वपूर्ण सेवा हामीले आँखाले देखिरहेका हुँदैनौं। चुरे र त्यससँग जोडिएको भावर क्षेत्रले वर्षाको पानीलाई रोक्दै, सोस्दै र क्रमशः भूमिगत जलभण्डारमा पुऱ्याउने प्राकृतिक प्रणालीको काम गर्छ। यही कारणले चुरेको स्वास्थ्य बिग्रँदा त्यसको असर चुरेमा मात्र सीमित हुँदैन; दक्षिणतर्फको तराई-मधेससम्म पुग्छ।

वैज्ञानिक अध्ययनहरूले चुरेले तराईका १ करोड ४० लाखभन्दा बढी मानिसका लागि महत्त्वपूर्ण जलसम्बन्धी पारिस्थितिक सेवा प्रदान गर्ने देखाएका छन्। त्यसैले चुरेलाई "चुरे क्षेत्रको समस्या" मात्र ठान्नु गम्भीर भूल हुनेछ। यो तराई-मधेसको खानेपानी, सिँचाइ, कृषि, खाद्य सुरक्षा र भविष्यको प्रश्न हो।

यदि मनसुनको पानी जमिनभित्र पुनर्भरण हुनुको सट्टा तीव्र गतिमा नदीतर्फ बग्यो भने बाढी बढ्न सक्छ; केही महिनापछि त्यही क्षेत्र खानेपानी र सिँचाइको अभावमा पर्न सक्छ। भविष्यमा तराई-मधेसमा यस्तो भयावह विरोधाभास देखिन सक्छ- बाढी पनि आउने, पानी पनि नहुने। यसैले चुरे संरक्षणलाई बाढी नियन्त्रणको कार्यक्रम मात्र होइन, सुक्खा, जलसङ्कट र सम्भावित मरुभूमीकरण रोक्ने राष्ट्रिय रणनीतिका रूपमा बुझ्न आवश्यक छ।

पहिलो दृष्टिमा हिमालयको हिमतालबाट उत्पन्न आकस्मिक बाढी र तराईको चुरे सङ्कटबीच प्रत्यक्ष सम्बन्ध देखिँदैन। तर दुवै एउटै ठूलो प्रश्नका दुई पक्ष हुन्- नेपालको प्राकृतिक प्रणालीको प्रतिरोध क्षमता।

हिमालमा हिमनदी, हिमताल र उच्च हिमाली पारिस्थितिक प्रणाली जोगाउनुपर्छ। पहाडमा वन, माटो र जलाधार जोगाउनुपर्छ। चुरेमा भूक्षय र अनियन्त्रित उत्खनन रोक्नुपर्छ। तराई-मधेसमा नदी, सिमसार, भूमिगत जल पुनर्भरण क्षेत्र र कृषि भूमि जोगाउनुपर्छ। एउटा प्रणाली कमजोर हुँदा अर्को प्रणालीमा पनि असर पर्छ। अब हामीलाई विपद् आएपछि उद्धार गर्ने मात्र होइन, विपद् आउनुअघि जोखिम घटाउने पूर्वतयारीमा आधारित राष्ट्रिय नीति आवश्यक छ। उच्च हिमाली क्षेत्रमा हिमनदी, हिमताल र स्थायी हिमभूमिको नियमित उपग्रह तथा स्थलगत अनुगमन गर्नुपर्छ। जोखिमपूर्ण हिमतालका लागि पूर्वसूचना प्रणाली स्थापना गरी तलका बस्ती, राजमार्ग र जलविद्युत् आयोजनासम्म तत्काल सूचना पुग्ने व्यवस्था हुनुपर्छ।

नयाँ जलविद्युत्, सडक, पुल, सहर तथा ठूला पूर्वाधार निर्माणअघि बहुविपद् जोखिम मूल्याङ्कन अनिवार्य गरिनुपर्छ। विकासको नाममा जोखिमको स्थानान्तरण गर्नु विकास होइन। बाढी र पहिरो व्यवस्थापनलाई नदी जलाधारमा आधारित बनाउनुपर्छ। जलाधार, वन, माटो, नदीको प्राकृतिक बहाव र बस्तीको भूउपयोगलाई एउटै प्रणालीमा हेर्नुपर्छ।

चुरे संरक्षणका लागि तत्काल कडा, वैज्ञानिक र दीर्घकालीन कानुनी व्यवस्था आवश्यक छ। संवेदनशील क्षेत्रमा उत्खनन निषेधित क्षेत्र घोषणा गर्नुपर्छ। वन पुनर्स्थापना, जल पुनर्भरण पोखरी, सिमसार संरक्षण, जलाधार व्यवस्थापन र स्थानीय समुदायको सहभागितालाई प्राथमिकता दिनुपर्छ। चुरे संरक्षणका लागि पर्याप्त बजेट, वैज्ञानिक अनुगमन तथा सङ्घ, प्रदेश र स्थानीय तहबीच स्पष्ट जिम्मेवारी निर्धारण गर्न अब ढिला गर्नुहुँदैन।

रसुवागढीले हामीलाई एउटा कठोर सत्य सम्झाएको छ- नेपालको प्राकृतिक जोखिम भविष्यको सम्भावना मात्र होइन, वर्तमानको वास्तविकता हो। प्राकृतिक घटनालाई पूर्ण रूपमा रोक्न सकिँदैन। तर प्राकृतिक घटनालाई ठूलो मानवीय विपद्मा परिणत हुनबाट रोक्न हामी धेरै कुरा गर्न सक्छौं। हाम्रो तयारी, नीति, पूर्वाधार र प्राकृतिक स्रोतप्रतिको व्यवहारले त्यसको परिणाम निर्धारण गर्छ।

नेपालले अन्तर्राष्ट्रिय समुदायसँग जलवायु न्याय, क्षति र नोक्सानी तथा पर्याप्त जलवायु वित्तको माग गर्नैपर्छ। तर त्यससँगै आफ्नै वन, नदी, हिमाल, जलाधार र चुरेलाई जोगाउन पनि उत्तिकै इमानदार हुनुपर्छ। रसुवागढीको त्रासदी केवल शोकको विषय भएर समाप्त हुनुहुँदैन। यसलाई नेपालको वातावरणीय तथा विपद् व्यवस्थापन नीतिमा एउटा निर्णायक मोड बनाइनुपर्छ।

आज चुरे संरक्षण गर्न सकेनौं भने भोलि तराई-मधेसमा पानी खोज्नुपर्ने अवस्था आउन सक्छ। त्यसैले चुरे संरक्षण अब वातावरणीय कार्यक्रम मात्र होइन; राष्ट्रिय सुरक्षा, जल सुरक्षा, खाद्य सुरक्षा र भावी पुस्ताको अस्तित्वसँग जोडिएको राष्ट्रिय दायित्व हो। यो सम्पूर्ण तराई-मधेसको सभ्यताको प्रश्न पनि हो।

प्रकृतिले नेपाललाई धेरै दिएको छ। अब नेपालको पालो हो- प्रकृतिलाई जोगाएर आफ्नो भविष्य जोगाउने। साभारः अनलाइनखबरडटकम

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# के व्यायामले साँच्चै यौन जीवन सुधार्छ ?



यौन र शारीरिक व्यायाम कसरी एकअर्का जोडिएका छन् अनि व्यायामको प्रकार, समयले यसमा के-कस्तो असर पार्छ भन्नेबारे विज्ञहरूको मत निकै चाखलाग्दो छ। नियमित शारीरिक गतिविधिले शरीरको बनावट बदल्न वा मांसपेशी बलियो बनाउन त पक्कै मद्दत गर्छ। तर, विज्ञहरू यसले यौन इच्छा र क्षमता बढाउने पनि बताउँछन्।

व्यायाम गर्दा हर्मोनहरूको स्राव र संवेदनशील अङ्गहरूमा रक्तसञ्चार तेज हुने र यसले हाम्रो मस्तिष्कलाई पनि यौनका लागि सही मानसिक अवस्थामा ल्याउन मद्दत गर्ने विज्ञहरू सुनाउँछन्।

व्यायामले हाम्रो यौन जीवनलाई मुख्यतया दुईवटा बाटोबाट सुधार्ने काम गर्छ। पहिलो, यसले शरीरलाई उत्तेजनाका लागि सक्षम र तयार बनाउँछ। दोस्रो, मनमा आउने अनेकौं नकारात्मक वा डरका विचारहरूलाई हटाउन मद्दत गर्छ।

जब शरीरमा रगतको आवतजावत राम्ररी हुन्छ, तब उत्तेजना हुन सजिलो हुन्छ। यसले महिलाहरूमा संवेदनशीलता बढाउँछ भने पुरुषहरूमा लिङ्ग उत्तेजित हुन र त्यसलाई कायम मद्दत गर्छ। दिनहुँ थोरै भए पनि दौडिने, योग गर्ने वा कम्मर र तल्लो पेटको कसरत गर्दा शरीरले राम्रो निद्रा पाउँछ, थकान मेटिन्छ र ऊर्जा बढ्छ। मानसिक रूपमा हेर्दा, व्यायामले मान्छेभित्र आत्मविश्वास जगाउँछ। दिमागमा धेरै सोच्ने बानी, चिन्ता र तनावले यौन इच्छालाई मार्ने काम गर्छ। तर व्यायामले दिमागलाई ती सबै नराम्रा सोचबाट टाढा राखेर आनन्दको महसुस गराउँछ।

यद्यपि हामीले कस्तो प्रकारको व्यायाम गर्छौं, कहिले गर्छौं र कत्तिको कडा गर्छौं भन्ने कुराले पनि असर पारिरहेको हुन्छ। पसिना आउने गरी दौडिने, पौडी खेल्ने वा साइकल चलाउने जस्ता व्यायामले मुटु र रगतको बहावलाई बलियो बनाउँछन्। तर मानसिक शान्तिका लागि भने अरूले भनेको भन्दा पनि आफूलाई जुन व्यायाम गर्दा खुसी र आनन्द लाग्छ, त्यही रोज्नु सबैभन्दा राम्रो हुन्छ।

कडा व्यायाम सिद्धिनेबित्तिकै शरीरको सबै रगत थकित मांसपेशीतिर जाने भएकाले लगत्तै यौन इच्छा अलि कम हुन सक्छ। तर १५ देखि ३० मिनेट जति आराम गरेपछि रगतको बहाव फेरि सही ठाउँमा पुग्छ र उत्तेजना बढाउँछ।

तर व्यायामको घडी हेरेर यौनको समय मिलाउनु सबैका लागि व्यावहारिक नहुन सक्छ। त्यस्तै, एकदमै हलुका वा सामान्य व्यायामले खासै फरक पार्दैन भने शरीर नै गल्ने र दुख्ने गरी धेरै कडा व्यायाम गर्दा थकानका कारण उल्टै इच्छा हराएर जान सक्छ। त्यसैले आफ्नो शरीरले धान्न सक्ने ठिक्क वा मध्यम खालको व्यायाम रोज्नु नै सबैभन्दा बुद्धिमानी हुन्छ।

वास्तविक जीवनमा यौन आनन्द लिनका लागि ठूला र कठिन नियमहरू पालना गरिरहनु पर्दैन। दिनभरिको व्यस्तताका बीच पनि अलिअलि हिँडडुल गर्ने, केटाकेटीसँग खेल्ने वा घरको सामान्य काममा सक्रिय रहने गर्दा नै पर्याप्त हुन्छ।

डिप्रेसनको औषधि खाइरहेका वा शल्यक्रिया गराएका मानिसहरूमा पनि नियमित व्यायामले यौन क्षमता सुधारेको पाइएको छ। त्यसैगरी मधुमेह वा मुटुको रोग भएका मानिसहरूले आफ्नो स्वास्थ्य सुधार्न गर्ने व्यायामले अप्रत्यक्ष रूपमा यौन जीवनलाई पनि सुखी बनाउन मद्दत गर्छ।

यदि तपाईं कुनै खेलका लागि धेरै कडा तालिम वा अभ्यास गर्दै हुनुहुन्छ भने थकानका कारण यौनमा ध्यान नजान सक्छ।

यस्तो अवस्थामा आफ्नो साथी वा साझेदारसँग ऊर्जा र सहजताबारे खुल्ला र इमानदारीपूर्वक कुराकानी गर्नु नै स्वस्थ र सुखी यौन जीवनको मुख्य साँचो हो।

# १० करोड भाट खर्चेर फर्किए अमेरिकी नौसैनिक

एजेन्सी

थाइल्याण्ड २१ भदौ। ९ महिनासम्म समुद्रमा तैनाथ रहेपछि अमेरिकी विमानवाहक जहाज युएसएस अब्राहम लिङ्कन थाइल्याण्डको पाँचदिने बन्दरगाह भ्रमण सकेर आइतबार प्रस्थान गरेको छ।

करिब पाँच हजार अमेरिकी नौ सैनिकसहितको जहाज बुधबार बैङ्क नजिकैको रिसोर्ट सहर पटायाबाट करिब आधा घण्टाको दूरीमा रहेको लाएम चाबाङ बन्दरगाह पुगेको थियो। मध्यपूर्वमा लामो समयको तैनाथीपछि नौसैनिकहरूलाई आराम तथा मनोरञ्जनका लागि थाइल्याण्ड ल्याइएको थियो।

एएफपीका पत्रकारहरूले जहाज आइतबार बिहान करिब ११ : ०० बजे (स्थानीय समय) लाएम चाबाङ बन्दरगाहबाट प्रस्थान गरेको देखेका थिए।

नौसैनिकहरूको आगमनलाई ध्यानमा राख्दै पटायामा सुरक्षा व्यवस्था कडा पारिएको थियो। उनीहरू आउनुअघि अधिकारीहरूले यौनकर्मीविरुद्ध कारबाहीसमेत गरेका थिए। यद्यपि, स्थानीय मेयरले उक्त कारबाहीलाई अमेरिकी नौसैनिकको भ्रमणसँग प्रत्यक्ष रूपमा जोड्न अस्वीकार गरेका छन्।

पटाया प्रहरी प्रमुख अनेक स्राथोङ्युका अनुसार पाँच दिने भ्रमणका क्रममा कुनै ठूलो अप्रिय घटना भएन। उनका अनुसार भ्रमणको पहिलो दिन अमेरिकी नौसैनिकहरूबीच भएको सामान्य विवादबाहेक कुनै ठूलो झगडा वा गिरफ्तारी भएको छैन।

यसअघि बिहीबार बिहान पटायाको प्रसिद्ध 'वाकिङ स्ट्रिट' नजिकै मदिरा सेवनपछि भएको विवादमा सङ्लग्न दुई अमेरिकी नौ सैनिकलाई जहाजमै फिर्ता पठाइएको थियो। प्रहरीले उक्त घटनालाई सामान्य झडपका रूपमा वर्णन गरेको थियो।

पर्यटनको 'लो सिजन' चलिरहेका बेला अमेरिकी नौसैनिकहरूको आगमनले पटायाका व्यवसायीलाई राहत दिएको स्थानीय अधिकारीले बताएका छन्। पटायाका मेयर पोरामासे न्गाम्पिचेसका अनुसार अमेरिकी नौसैनिकहरूले भ्रमणका क्रममा करिब १० करोड थाई भाट (लगभग ३० लाख अमेरिकी डलर) खर्च गरेको अनुमान छ।

नौ सैनिकहरूले किनमेल, पर्यटकीयस्थलको भ्रमण र अन्य मनोरञ्जनात्मक गतिविधिमा समय बिताएको उनले बताए। साथै, जहाजका लागि टुथपेस्टलगायत विभिन्न दैनिक उपभोग्य सामग्री बिक्रीबाट पनि स्थानीय व्यवसायीले आम्दानी गरेको उनले बताए।

"उनीहरूले आफ्ना परिवारलाई सम्झिरहेका छन् र परिवारका लागि केही स्मृति चिन्ह किन्न चाहन्छन्", मेयरले भने। 'लिङ्कन' को थाइल्याण्ड भ्रमण त्यस्तो समयमा भएको हो, जब जहाजभित्रको जीवनयापनका अवस्थाबारे प्रश्न उठेका थिए।



गत महिना अमेरिकी डेमोक्र्याटिक सांसदहरूले जहाजमा खाद्यान्नको अभाव, बिग्रिएको प्लम्बिङ तथा मानसिक स्वास्थ्यसम्बन्धी समस्याको रिपोर्ट सार्वजनिक भएपछि अवस्थाबारे छानबिन गर्न माग गरेका थिए।

मिडिया रिपोर्टहरूमा लामो तैनाथीका क्रममा केही समयमा नौसैनिकहरू टुथपेस्ट, डिओडोरन्ट र साबुनजस्ता आधारभूत सामग्रीको अभावमा समेत परेको उल्लेख गरिएको थियो। राष्ट्रपति डोनाल्ड ट्रम्पले भने जहाजभित्रको अवस्थासम्बन्धी चिन्तालाई अस्वीकार गरेका थिए। लिङ्कन लामो समय मध्यपूर्वमा तैनाथ रहे पनि पछिल्लो समय त्यहाँ यसको स्थान युएसएस जर्ज वासिङ्टन ले लिएको छ।

थाइल्याण्डको पाँचदिने भ्रमणपछि लिङ्कन पुनः समुद्री तैनाथीतर्फ अघि बढेको छ।

# रसुवामा हैजाविरुद्ध २१ हजार डोज खोप पठाइयो

दैनिक समाचारदाता

काठमाडौं २१ भदौ। बाढी तथा पहिरोपछि हैजाको जोखिम बढेपछि रसुवामा हैजाविरुद्धको २१ हजार डोज खोप पठाइएको छ। विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को सहयोगमा प्राप्त खोप नेपाली सेनाको हेलिकप्टरमार्फत आइतबार बिहान रसुवा पठाइएको हो।



स्वास्थ्य तथा जनसंख्या मन्त्री निशा मेहताले बाढी प्रभावित क्षेत्रमा हैजा तथा अन्य पानीजन्य रोगको जोखिम न्यूनीकरणका लागि औषधि, खोप, स्वास्थ्य सामग्री र आवश्यक जनस्वास्थ्य सेवा तत्काल उपलब्ध गराउन निर्देशन दिनुभएको छ।

मन्त्रीको निर्देशनअनुसार प्रभावित क्षेत्रमा खोप तथा औषधि पठाउने, रोग निगरानी बढाउने, सुरक्षित खानेपानी र सरसफाइमा विशेष ध्यान दिने तथा आवश्यक स्वास्थ्यकर्मी परिचालन गर्ने काम अघि बढाइएको स्वास्थ्य अधिकारीहरूले बताएका छन्। बाढीका कारण खानेपानीका मुहान तथा वितरण प्रणालीमा क्षति पुगेकाले हैजा र अन्य पानीजन्य रोगको जोखिम बढेको भन्दै प्रभावित क्षेत्रमा रोकथाम, शीघ्र पहिचान र उपचार व्यवस्थापनलाई प्राथमिकतामा राखिएको छ।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com,
मो.नं.: ९८५४०२०९२२

विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# आकाशे पानीकै भरमा मधेसको आधाभन्दा बढी खेती

## सिँचाइको पहुँच ४९.४४ प्रतिशतमा सीमित, अनियमित वर्षाले धान उत्पादनमा जोखिम

दैनिक समाचारदाता
महोत्तरी, २१ भदौ । देशकै प्रमुख धान उत्पादन क्षेत्रका रूपमा चिनिने मधेस प्रदेशको आधाभन्दा बढी खेतीयोग्य जमिन अझै आकाशे पानीको भरमा रहेको छ । पर्याप्त सिँचाइ सुविधा विस्तार हुन नसक्दा वर्षाको अनिश्चितताले धान उत्पादनमा प्रत्यक्ष असर पार्दै आएको छ ।

प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले प्रकाशित गरेको 'कृषि दर्पण'का अनुसार प्रदेशमा खेती गरिएको कुल क्षेत्रफलको ४९ दशमलव ४४ प्रतिशत जमिनमा मात्रै सिँचाइ सुविधा पुगेको छ । बाँकी ५० प्रतिशतभन्दा बढी खेतीयोग्य जमिन वर्षामा निर्भर रहेको छ ।

सिँचाइको पहुँच जिल्लाअनुसार भने फरक-फरक छ । सर्लाहीमा सबैभन्दा बढी ७२ दशमलव ६८ प्रतिशत खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुगेको छ । पर्सामा ६१ दशमलव २१ प्रतिशत, धनुषामा ५१ प्रतिशत, बारामा ५० प्रतिशत र रौतहटमा ४८ दशमलव ९१ प्रतिशत जमिन सिञ्चित छ ।

त्यस्तै सिरहामा ३९ दशमलव ७८ प्रतिशत, सप्तरीमा करिब ३४ प्रतिशत र महोत्तरीमा ३२ दशमलव ५४ प्रतिशत खेतीयोग्य जमिनमा मात्रै सिँचाइ सुविधा पुगेको तथ्याङ्क छ । यसले मधेसका जिल्लाबीच सिँचाइको पहुँचमा समेत ठूलो असमानता रहेको देखाउँछ ।



मधेसमा कुल ५ लाख ६७ हजार ५६५ हेक्टर खेतीयोग्य जमिनमध्ये ३ लाख ७४ हजार ११७ हेक्टरमा धान खेती हुँदै आएको छ । चैते र वर्षे धानलाई समेट्दा प्रदेशको औसत उत्पादकत्व प्रतिहेक्टर ३ दशमलव ९६ मेट्रिक टन रहेको छ । प्रदेशमा हाल करिब १४ लाख ८० हजार ८३० मेट्रिक टन धान उत्पादन हुने गरेको छ । आर्थिक वर्ष २०८१/८२ मा मधेसमा १५ लाख २ हजार ५८ मेट्रिक टन धान उत्पादन भएको थियो । त्यसअघि आर्थिक वर्ष २०८०/८१ मा १२ लाख ९६ हजार ६०७ मेट्रिक टन धान उत्पादन भएको तथ्याङ्क छ ।

धान रोपाइँको समयमा पर्याप्त वर्षा नहुँदा किसानले समयमै रोपाइँ गर्न नपाउने र रोपाइँपछि आवश्यक मात्रामा पानी नपर्दा बालीमा असर पर्ने गरेको छ । पछिल्ला वर्षमा मधेसका विभिन्न क्षेत्रमा खडेरीको समस्या देखिन थालेपछि वर्षामा निर्भर किसानको जोखिम झनै बढेको छ ।

नेपालमा वार्षिक करिब ७२ लाख मेट्रिक टन धान आवश्यक पर्ने भए पनि औसत उत्पादन करिब ६० लाख मेट्रिक टन मात्रै हुने गरेको छ । माग धान्न करिब १२ लाख मेट्रिक टन धान भारतबाट आयात गर्नुपर्ने अवस्था छ । कृषि उत्पादन बढाउने उद्देश्यले सङ्घ, प्रदेश र स्थानीय तहले डिप ट्युबेल, नहर, कुलो तथा बोरिङ निर्माणमा लगानी गर्दै आएका छन् । तर निर्माण गरिएका कतिपय संरचनाको नियमित सञ्चालन, मर्मतसम्भार तथा पानी वितरण प्रभावकारी नहुँदा लगानीअनुसारको लाभ किसानले लिन सकेका छैनन् ।

मधेसमा धानसँगै गहुँ, उखु, मकै, आँप, केरा, दलहन तथा तेलहनलगायतका बालीको समेत उल्लेख्य उत्पादन हुन्छ । त्यसैले सिँचाइको पहुँच विस्तारसँगै निर्माण भएका संरचनाको प्रभावकारी व्यवस्थापन गर्न सके कृषि उत्पादन र किसानको आम्दानी दुवै बढाउन सकिने सम्भावना छ ।

अहिले पनि मधेसका धेरै किसान धान रोप्नदेखि बाली जोगाउनसम्म आकाशको पानी पर्खन बाध्य छन् । कृषि उत्पादनको प्रमुख आधार मानिने सिँचाइमा योजनाबद्ध लगानी, नियमित मर्मतसम्भार र दीर्घकालीन व्यवस्थापन गर्न सके मात्रै वर्षाको अनिश्चितताबाट किसानलाई क्रमशः मुक्त गर्न सकिने देखिन्छ ।

# विवादित 'ग्रिन आर्मी'को दर्ता खारेज

दैनिक समाचारदाता
जनकपुरधाम, २१ भदौ । भोटेकोशी-त्रिशूली बाढीपछि सैनिक शैलीको पोसाकमा उद्धार तथा राहतको काममा खटिएको देखिएपछि विवादमा आएको 'ग्रिन आर्मी' नामक संस्थाको दर्ता खारेज गरिएको छ ।

गैरनाफामूलक संस्थाका रूपमा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको उक्त संस्थाले नेपाली सेना तथा सशस्त्र प्रहरीसँग मिल्दोजुल्दो पोसाक, दर्ज्यानी चिह्न र संरचना प्रयोग गरेपछि यसको वैधानिकतामाथि प्रश्न उठेको थियो ।

उच्च सैनिक स्रोतका अनुसार ग्रिन आर्मीको दर्ता हालसालै खारेज गरिएको हो ।

दर्ता खारेजीसँगै कम्पनीका रूपमा सञ्चालन भइरहेका संस्थाका गतिविधिमा समेत कानुनी रूपमा रोक लागेको स्रोतको दाबी छ । यद्यपि, कम्पनी रजिष्ट्रारको कार्यालयका अधिकारीहरूसँग यस विषयमा थप पुष्टि गर्न सम्पर्क हुन सकेको छैन ।

ग्रिन आर्मी कम्पनी रजिष्ट्रारको कार्यालयमा २०७७ साल साउनमा गैरनाफामूलक कम्पनीका रूपमा दर्ता भएको थियो । दर्ताका क्रममा संस्थाको मुख्य उद्देश्य विद्यालय तहका विद्यार्थीलाई वातावरण संरक्षण, फोहोर व्यवस्थापन, प्राथमिक उपचार तथा विपद् व्यवस्थापनसम्बन्धी तालिम दिने र परिचालन गर्ने उल्लेख गरिएको थियो ।

तर, संस्थाले प्रयोग गर्दै आएको हरियो प्यारामिलिटरी शैलीको पोसाक, दर्ज्यानी चिह्न तथा 'मार्शल', 'क्याडेट' लगायतका संरचनाले नेपाली सेना तथा सुरक्षा निकायको स्वरूप झल्काउने भन्दै आलोचना भएको थियो ।

प्राप्त विवरणअनुसार ग्रिन आर्मीलाई सैनिक शैलीको पोसाक प्रयोगका लागि जिल्ला प्रशासन कार्यालय काठमाडौंमार्फत अनुमति दिइएको थियो । उक्त प्रक्रियामा रक्षा तथा गृह मन्त्रालयको समेत स्वीकृति रहेको बताइएको छ ।

सैनिक स्रोतका अनुसार नेपाली सेनाका मेजर जनरल अनन्तबहादुर कार्की तथा तत्कालीन प्रधानसेनापति पूर्णचन्द्र थापाको समयको स्वीकृतिका आधारमा पोसाक प्रयोगको अनुमति अघि बढेको थियो ।

तत्कालीन प्रधानसेनापति थापाले आफूबाट भएको स्वीकृतिलाई सच्याउन जिल्ला प्रशासन कार्यालय काठमाडौंलाई अनुरोध गरे पनि त्यसपछि पनि प्रक्रिया नरोकिएको सैनिक अधिकारीहरूको दाबी छ ।

काठमाडौंका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलले पनि संस्थालाई सैनिक शैलीको पोसाक प्रयोग गर्न अनुमति दिइएको विषयमा प्रशासनले जानकारी लिइरहेको बताए । अनुमति कसरी र कुन आधारमा प्रदान भयो भन्ने विषयमा अध्ययन भइरहेको उनको भनाइ छ ।

ग्रिन आर्मी समाज कल्याण परिषद्मा समेत सामाजिक कार्य गर्ने संस्थाका रूपमा आबद्ध रहेको परिषद्का सदस्य सचिव चक्रबहादुर बुढाले जानकारी दिएका छन् ।

तर, दर्ता खारेजीपछि परिषद्मा रहेको आबद्धता स्वतः खारेज नहुने र त्यसका लागि छुट्टै प्रक्रिया आवश्यक पर्ने बताइएको छ । हालसम्म ग्रिन आर्मीको समाज कल्याण परिषद्मा रहेको आबद्धता खारेज नभएको बुढाले बताएका छन् ।

सुरक्षा मामिलाका जानकार तथा नेपाली सेनाका पूर्वअधिकारीहरूका अनुसार सुरक्षा निकायको नाम, पोसाक र संरचनासँग अत्यधिक मिल्दोजुल्दो स्वरूपमा गैरसरकारी संस्था सञ्चालन गर्नु संवेदनशील विषय हो ।

राष्ट्रिय सेवा दलजस्तो राज्यको आधिकारिक संरचनाले समेत आफ्नो नाममा 'आर्मी' शब्द प्रयोग नगरेको अवस्थामा निजी कम्पनी वा गैरसरकारी संस्थाले सेनासँग मिल्दोजुल्दो नाम, पोसाक र दर्ज्यानी संरचना प्रयोग गर्नु उचित नहुने उनीहरूको तर्क छ ।

कानुनका जानकार अधिकारीहरूका अनुसार कम्पनी रजिष्ट्रारको कार्यालयमा गैरनाफामूलक कम्पनीका रूपमा दर्ता गर्ने, जिल्ला प्रशासन कार्यालयबाट सैनिक शैलीको पोसाक प्रयोगको अनुमति लिने र त्यसपछि समाज कल्याण परिषद्मा आबद्ध भएर सामाजिक गतिविधि सञ्चालन गर्ने प्रक्रियाले कानुनी व्यवस्थाको छिद्र प्रयोग गरिएको देखिन्छ ।

ग्रिन आर्मीको प्रमुख सल्लाहकारमा नेपाल प्रहरीका पूर्वमहानिरीक्षक सर्वेन्द्र खनाल रहेको बताइएको छ ।

यस घटनासँगै गैरनाफामूलक कम्पनीका रूपमा दर्ता भएर सामाजिक क्षेत्रमा सक्रिय संस्थाहरूको नियमन र त्यस्ता संस्थाले प्रयोग गर्ने नाम, पोसाक तथा संरचनामाथि समेत प्रश्न उठेको छ ।

यसैबीच, गृहमन्त्री सुधन गुरुङसँग सम्बन्धित 'हामी नेपाली' संस्था पनि गैरनाफामूलक कम्पनीका रूपमा दर्ता भएर सामाजिक गतिविधिमा सक्रिय रहेको विषय सार्वजनिक भएको छ ।

उक्त संस्थाको दर्ता तथा गतिविधि पनि ग्रिन आर्मीसँग मिल्दोजुल्दो कानुनी प्रक्रियाबाट अघि बढेको दाबी गरिएको छ ।

## मधेशका................

स्वतन्त्र भूमिका निर्वाह गर्नुपर्ने बताए ।

उनले नागरिक समाज कुनै राजनीतिक दलको पक्ष वा विपक्षमा उभिनेभन्दा पनि समाजका समस्या र सार्वजनिक मुद्दालाई केन्द्रमा राखेर अघि बढ्नुपर्ने धारणा राखे । "स्वच्छ, निष्पक्ष र स्वतन्त्र रूपमा सार्वजनिक मुद्दाका सवालमा नागरिक समाज अगाडि बढ्नुपर्छ," उनले भने, "समाजभित्र रहेका विकृतिविरुद्ध आवाज उठाउने तथा राज्यलाई जिम्मेवार बनाउन दबाब र पैरवी गर्ने भूमिका नागरिक समाजले निर्वाह गर्नुपर्छ ।"





नागरिक समाज कुनै राजनीतिक दलमा आबद्ध भएर काम गर्न नहुने बताउँदै साहले सार्वजनिक सरोकारका विषयलाई बहसको विषय बनाउनुपर्नेमा जोड दिए । मधेशमा नागरिक समाजको यही भूमिकालाई प्रभावकारी बनाउने उद्देश्यले 'नागरिक चबुतरा' कार्यक्रम आयोजना गरिएको उनले बताए ।

त्यस्तै, पत्रकार तथा साहित्यकार नित्यानन्द मण्डलले मधेश प्रदेशका समस्या पहिचान गरी त्यसबारे निरन्तर जागरण र बहस चलाउनुपर्ने बताए । समस्याको संख्या धेरै भए पनि सबै विषयलाई एकैपटक समाधान गर्न खोज्नुभन्दा प्राथमिकताका आधारमा समस्या पहिचान गरेर क्रमशः समाधानतर्फ अघि बढ्नुपर्ने उनको भनाइ थियो ।

"समस्या धेरै छन्, तर एउटा( एउटा समस्याको पहिचान गर्दै समाधानतर्फ जानुपर्छ," मण्डलले भने। कार्यक्रममा कानुन व्यवसायी रोकी साह, महिला समूहकी अध्यक्ष तथा महिला अधिकारकर्मी सुभद्रा आलेलगायत अधिकारकर्मी, युवा तथा नागरिक समाजका प्रतिनिधिहरूले मधेशका सामाजिक समस्या, महिला अधिकार, कानुनी कार्यान्वयन तथा नागरिक समाजको भूमिकाबारे आफ्ना धारणा र जिज्ञासा राखेका थिए।

कार्यक्रमका सहभागीहरूले मधेशका समस्या समाधानका लागि राज्यको सक्रियता मात्रै पर्याप्त नहुने भन्दै नागरिक समाज, युवा, सञ्चार क्षेत्र र समुदायबीच सहकार्य तथा निरन्तर खबरदारी आवश्यक रहेको बताएका थिए। उनीहरूले सामाजिक विकृति अन्त्यका लागि कानुनको प्रभावकारी कार्यान्वयनसँगै जनचेतना, सामाजिक अभियान र सार्वजनिक बहसलाई समेत तीव्रता दिनुपर्नेमा जोड दिए।

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४